# मिति २०७९ साल चैत्र २० गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरु:**

१. समिक्षा सम्बन्धमा।
२. खेलकुद सम्बन्धमा।
३. प्रधानमन्त्री रोजगार कार्यक्रमको बेरोजगार सूची अनुमोदन सम्बन्धमा।
४. कानून परामर्शदाताको नियुक्ति सम्बन्धमा।
५. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा मिति २०७९/१२/०४ र १५ गतेको खेलकुद विकास समितिको निर्णय बमोजिम स्वीकृत वडास्तरीय महिला तथा पुरुष भलिवल प्रतियोगाताको पुरस्कार राशिमा संशोधन गर्ने तथा खेलकुद विकास कार्यक्रमबाट अपुग रकम रु.२,०१,८०१।०० कन्टेन्जेन्सी शिर्षकबाट व्ययभार गर्ने गरी प्रस्तावनालाई स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो। प्रस्तावना पत्र यसै साथ संलग्न छ।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०८०/८१ मा बेरोजगार सूचिमा सुचिकृत हुनको लागि आएका निवेदनहरुको छानविन गर्दा बेरोजगार सूचि निर्धारण तथा प्राथमिकताक्रम मार्गदर्शन, २०७६ बमोजिम मिति २०७९/१२/२० गतेको स्थानिय निर्देशक समितिको बैठकबाट स्वीकृतिको लागि प्रस्तावित नामावलीलाई हु-बहु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो। समितिको बैठकको निर्णय यसै साथ संलग्न छ।

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गाउँपालिकाको कानूनी परामर्शदाता रुपमा अधिवक्ता श्री गुरु बहादुर बस्नेत (अधिवक्ता प्रमाणपत्र नं. - ८३१९) लाई नियुक्त गर्ने र सेवा खरिद वापत् मासिक रुपमा ८,५००।०० (आठ हजार पाँच सय) आर्थिक बर्ष ०७९/८० को सेवा र परामर्श शिर्षकबाट व्ययभार हुने गरी भुक्तानि गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**५. निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।